स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं**

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होइन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूजींमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,

**अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं**

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



"खुस्मा" निर्देशक अशोक थापा मगरको नयाँ फिल्म "जलाकी"मा कलाकारको "लाइनअप" बलियो बनेको छ । अभिनेत्री उपासना सिंह ठकुरी र अभिनेता सोनम तोप्देनलाई लिएर पहिलो चरणको छायांकन भइसकेको फिल्ममा गत महिना धीरज मगर मुख्य भूमिकामा अनुबन्ध भएका थिए भने अब शिल्पा मास्के भित्रिएकी छन् । उनीसँग निर्माताले यसै साता लिखित सम्झौता गरेका हुन् ।

**आजको विचार...**



औद्योगिक.... *(दुई पेजमा)*

डा. दिनेश पाण्डे

हरेक प्रकारका चरित्रलाई विश्वसनीय बनाउने खुबी भएका अभिनेता हुन्, विपिन कार्की । हास्य होस् वा नकारात्मक या पाको उमेरको चरित्र, हरेकमा उनले आफूलाई अब्बल प्रमाणित गरेका छन् ।



❐ वर्ष ३० ❐ अंक ९८० ❐ २०८२ वैशाख २३ गते मंगलबार 6 May 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### चीनमा डुंगा डुब्दा ९ जनाको मृत्यु

एएफपी

**बेइजिङ, वैशाख २२/** दक्षिणपश्चिम चीनको एउटा रमणीय स्थानमा तीव्र हावाले पर्यटक बोकेको डुंगा पल्टिएपछि नौ जनाको मृत्यु भएको र ७० जनालाई अस्पतालमा भर्ना गरिएको सरकारी सञ्चार माध्यमले सोमबार जनाएको छ । सरकारी प्रसारक सिसिटिभीका अनुसार यात्रुहरू बोकेका डुंगाहरू आइतबार दिउँसो गुइझोउ प्रान्तको किआनक्सी सहरको एक नदीमा पल्टिँदा ८४ जना पानीमा खसेका थिए । सोमबार बिहानसम्ममा नौ जनाको मृत्यु भएको, ७० जनालाई अस्पतालमा भर्ना गरिएको र चार जना सकुशल रहेको सरकारी सञ्चार माध्यमले जनाएको छ । एकजना बेपत्ता छन् ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले घाइतेहरूको खोजी र उद्धार कार्य तथा उपचारमा 'सबै प्रयास' गर्न आग्रह गर्नुभएको सरकारी समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ । सीले पर्यटक आकर्षणहरू र अन्य ठूला सार्वजनिक स्थलहरूमा सुरक्षा उपायहरू सुदृढ पार्ने महत्त्वलाई पनि जोड दिएको एजेन्सीले बताएको छ ।उपप्रधानमन्त्री झाङ गुओचिङलाई उद्धार कार्यको निरीक्षण गर्न घटनास्थलमा पठाइएको सरकारी राज्य सञ्चारमाध्यमले उल्लेख गरेको छ ।

## नीति तथा कार्यक्रममाथि छलफल

# प्रतिपक्ष सांसदले जनाए असन्तुष्टि, कर्मकाण्डी भएको आरोप

हाम्रा संवाददाता

**पाल्पा, वैशाख २२/** संघीय संसद्मा प्रस्तुत नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा छलफल सुरु भएको छ । सोमबारदेखि संसद्मा प्रस्तुत सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि परेका संशोधनमाथि सुरू भएको हो ।

बैठकमा सभामुख देवराज घिमिरेले नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमका विभिन्न बुँदाहरूमा ३७ वटा संशोधन प्रस्ताव आएको जानकारी दिए । छलफलमा प्रतिपक्ष सांसदले असन्तुष्टि जनाएका छन् । उनीहरुले प्रस्तुत नीति तथा कार्यक्रमले वर्तमान समस्याको समाधान गर्न नसकेको मात्र नभई भविष्यप्रतिको स्पष्ट दृष्टिकोणसमेत नबोकेको बताएका छन् । स्पष्ट योजना र दूरदृष्टिको अभाव, समावेशीता सामाजिक न्याय र सुशासनप्रतिको कमजोर



प्रतिबद्धता, निराशाजनक र पश्चगामी शैली, कार्यान्वयन पक्षको अपूर्णता र अस्पष्टता, सँघीयता र स्रोत व्यवस्थापनप्रति बेवास्ता, भ्रष्टाचार र अनियमितता सम्बोधनमा उदासीनता लगायतका टिप्पणी सांसदहरूबाट आएका हुन् । उनीहरुले यो नीति तथा कार्यक्रमले विद्यमान समस्यालाई समाधान गर्न प्रयास नगरेको, पुरातनवादी र पश्चगन शैलीलाई प्रश्रय दिएको, नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न नसकेको, शिक्षा स्वास्थ्यजस्ता मौलिक हक कार्यान्वयनका लागि स्पष्टता ल्याउन नसकेको विषयहरू औँलयाएका छन् ।

प्रमुख प्रतिपक्षी दलका नेता तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारको नीति तथा कार्यक्रम कर्मकाण्डी र औपचारिक मात्र भएको आरोप लगाएका छन् । उनले नीति तथा कार्यक्रममाथि आफ्ना धारणा राख्दै नीति तथा कार्यक्रमलाई औपचारिक र कर्मकाण्डी मात्रै बनाएको आरोप लगाए । *-बाँकी अन्तिम पेजमा...*

## आज सीता जयन्ती

**पाल्पा, वैशाख २२/** हरेक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने सीता जयन्ती श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइँदैछ। प्राचीन मिथिलाको केन्द्र मानिएको जनकपुरसहित देशभरिका राम, जानकी मन्दिरमा प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन विशेष पूजाअर्चनासहित सीता उत्पति दिवस अर्थात् सीता जयन्ती मनाउने गरिन्छ। माता सीताको आदर्शबाट प्रेरित वैदिक समाज र त्यस बखतको राज्य सञ्चालन प्रक्रियामा मातृ शक्तिको भूमिकाले हाम्रो समृद्ध प्राचीन सभ्यताको परिचय दिन्छ।युग व्यतीत भएपछि इतिहासका कतिपय पक्ष वर्तमानका परम्परा वा संस्कृतिमा रूपान्तरण हुन्छन्। वैदिक सभ्यताका धेरै मानक ग्रन्थमा सीता उत्पत्तिका कथा पाइएको हुनाले माता सीताको जन्म हाम्रो पौराणिक तथा सांस्कृतिक विश्वासको धरोहरका रूपमा रहिआएको छ। जानकी, वैदेही, जनकनन्दिनीलगायत सीताका अन्य धेरै नामलाई श्रद्धापूर्वक लिइने गरिएको छ। एक वीराङ्गनाका रूपमा समेत परिचित जनकनन्दिनी सीतासँग कैयन शूरवीरले समेत उचाल्न नसक्ने भीमकाय शिवधनुलाई आफू बालिका छँदै सजिलै उठाउन सक्ने असाधारण क्षमता रहेको जनविश्वास छ। भगवान विष्णुको छैटौं अवतारका रुपमा अयोध्याका राजा दशरथका पुत्रका रुपमा श्रीरामको जन्म हुने भएपछि लक्ष्मी सीताका रुपमा उत्पत्ति भएको विश्वास गरिन्छ। सीतालाई सत्यवती, पतिव्रता एवं आदर्श नारीका रुपमा सम्मान गरिन्छ। अयोध्याका राजा दशरथका छोरा राजकुमार रामसँग विवाह भएपछि पितृ आज्ञा पालना गर्न राम वनवास जाँदासँगै गएकी सीताले रावणबाट हरण हुँदा पनि पतिव्रता धर्म नत्यागेको, रावण लगायत राक्षसमाथि विजयी प्राप्त गरी अयोध्या फर्केपछि राजा रामलाई लोकनिन्दाले काम गर्न असहज नहोस् भनी महारानीको पद त्याग गरेर गर्भिणी भए पनि वनवास हिँडेकाले आदर्श नारीका रुपमा सीताको सम्झना गरिन्छ। अयोध्या त्याग गरे पनि मन, वचन र कर्मले पति रामप्रति समर्पित रहेको, लव, कुश दुई छोरालाई वाल्मीकि आश्रममा राखेर शिक्षा दीक्षाले निपुण बनाई अयोध्या फर्काएकी थिइन्। दरबार आएकी सीताको धेरै अयोध्यावासीले स्वागत गरे पनि केहीले पवित्रताको विषयमा प्रश्न उठाएपछि सीताले 'म पवित्र छु भने हे धर्ती माता मलाई आृनो कोखमा लिनुस्' भनी आह्वान गरी पृथ्वीभित्र लोप भएको कथा छ। आजको दिनलाई सीता जयन्तीका रुपमा देशभरका रामजानकी मन्दिरमा विशेष पूजा आराधना गरी यो पर्व मनाइन्छ।

## छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु

एनजेडी डेस्क

**पाल्पा, वैशाख २२/** रुपन्देही, नवलपुर र रोल्पामा भएका छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु भएको छ । रुपन्देही र रोल्पामा एक/एक जनाको शव फेला परेको छ भने नवलपुरमा पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको हो ।

रुपन्देहीमा तीन दिनदेखि हराइरहेका एक पुरुषको शव भेटिएको छ । जिल्लाको तिलोत्तमा-२ शंकरनगरका २० वर्षीय गोपाल टण्डनको सोमबार शव भेटिएको हो । टण्डन बुटवल उपमहानगरपालिका वडा नम्बर-११ स्थित हाइटेन्सन लाइनलाई हटाएर मोनोपोल जडान गर्न बनाइएको खडलमा मोटरसाइकलसहित मृत अवस्थामा फेला परेका थिए । जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीका अनुसार टण्डन हराएको भन्दै खोजीका लागि आइतबार प्रहरीमा परिवारले निवेदन



दिएका थिए । स्थानीयले हाइटेन्सन पोलमुनि शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी प्रवक्ता कार्कीले टण्डनको मृत्यु दुर्घटनाका कारण भएको बताए । "हामीले त्यस क्षेत्रको सिसिटिभी क्यामेराको रेकर्ड हेर्दा उनको दुर्घटना भएको देखियो, थप अनुसन्धान भइरहेको छ", उनले भने । रातिको समयमा अनियन्त्रित रूपमा मोटरसाइकल कुदाउँदा टण्डनको खाडलमा परेर ज्यान गएको प्रहरीले जनाएको छ ।

*बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## उपभोक्ता अधिकारमा क्रियाशीलताको खाँचो

कुनै पनि उपभोग्य वस्तु तथा सेवा उपभोग गर्ने व्यक्ति वा संस्था उपभोक्ता हो । एउटा क्षेत्रको व्यवसायी पनि अर्को क्षेत्रको उपभोक्ता हो । तर, उपभोक्ता शब्द जति व्यापक छ, नेपालमा उपभोक्ताहरू त्यति नै असंगठित र निष्क्रिय छन् । नेपालमा उत्पादक–व्यवसायी तथा सेवाप्रदायकहरू संगठित छन् । उपभोक्ता अधिकार आधारभूत मानव अधिकार हो । उपभोक्ता सचेत र सक्रिय हुनै पर्छ । किनभने सक्रिय उपभोक्ताले मात्रै उजुरी गर्छन् । उत्पादक–व्यवसायी तथा सेवाप्रदायकसमेत सचेत हुनुपर्छ । तर, उपभोक्ता कानुनको प्रभावकारी कार्यान्वयन, दोषीमाथि कारवाही र स्वच्छ बजार प्रवर्द्धन हुन नसक्दा उपभोक्ता अधिकारको संरक्षण हुनै सकेको छैन । जसले उपभोक्ता निरीह बन्न बाध्य छन् । कुनै पनि अवस्थामा उपभोक्ता ठगिनु हुँदैन । वस्तु तथा सेवा उपभोगबाट हानिनोक्सानीमा पर्नुहुँदैन् । उत्पादक–व्यवसायी र सेवाप्रदायकले उपभोक्ताको अहित हुने कुनै पनि काम गर्नु प्राकृतिक तथा कानुनी दुवै दृष्टिले गलत हुन्छ । उपभोक्ताको अधिकार उपभोक्ताको स्वास्थ्यसँग जोडिएको विषाय हो । वस्तु तथा सेवाको गुणस्तर र त्यसबाट सेवाग्राहीले पाउनुपर्ने सन्तुष्टि उपभोक्ताको अधिकारभित्रका विषय हुन् । तर, उपभोक्ताले वास्तविक अधिकार पाउन सकेका छैनन् । उपभोक्ताहरु पनि आफ्नो अधिकारप्रति सचेत हुन सकेका छैनन् । हरेक नागरिकलाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार विद्यमान कानुनले प्रत्याभूत गरिदिएको भए पनि उपभोक्तहरु आफ्ना अधिकारमा सरोकार नदेखिनु दुखद् हो ।

उपभोक्ता हकलाई संविधानले मौलिक हकको रूपमा प्रत्याभूत पनि गरेको छ । तर, केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय हुन नसक्दा उपभोक्ताको अधिकार सुनिश्चित तथा उपभोक्ता संरक्षण हुन सकेको छैन । उपभोक्ता अधिकार सुनिश्चित गर्न सरकारी प्रयासहरू प्रभावकारी नभएको आरोप छ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू क्रियाशील छन् । तिनीहरूका प्रयासहरू असफल भएकै कारण नेपालमा उपभोक्ता हितको अवस्था कमजोर छ । नेपालमा उपभोक्ताले आफ्नो पर्याप्त अधिकारको प्रयोग गर्नै सकेका छैनन् । सरकारले उपभोक्ता शिक्षामा जोड दिन अत्यावश्क छ । उपभोक्तावादको सिद्धान्त तथा उपभोक्ताका अधिकारहरूको सार्थक कार्यान्वयनबाट मात्र स्वच्छ बजारको स्थापना गर्न सकिन्छ । असल शासनको माध्यमबाट स्वच्छ बजारको प्रवर्द्धन र उपभोक्ता अधिकारको संरक्षण गर्न सकिन्छ । गुणस्तरहीन वस्तु वा सेवा उपभोगमा शून्य सहनशीलताको नीतिबाट मात्र उपभोक्ता अधिकारको संरक्षण सम्भव छ । तसर्थ यसका लगि उपभोक्ता जागरण र क्रियाशिलताको आवश्यकता रहेको छ ।

### Opinion @ Social Network

सबैलाई मन पर्ने सुगा भएर पिँजडामा बस्नु भन्दा,
कसैलाई मन नपर्ने काग भएर आकासमा उड्न मन लग्यो ।
*(सुन्दर थापाको फेसबुकस्टाटस https://www.facebook.com/Thapa.sundar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# औद्योगिक भाङ र गाँजाको भ्रम र यथार्थ



**डा. दिनेश पाण्डे**

गएको चैत महिनामा प्रकाशित एक डेस्क अध्ययनले नेपालमा झन्डै १८ लाख हेक्टर जमिन औद्योगिक भाङ खेतीका लागि उपयुक्त रहेको देखाएको छ । यो निष्कर्ष भौगोलिक सूचना प्रणाली (जीआईएस) आधारित सांख्यिकीय मोडेलिङ र भविष्यवाणीका आधारमा निकालिएको हो । तर यो जानकारी नेपालका अनलाइन तथा प्रिन्ट मिडियामा समाचारका रूपमा छिटो फैलियो, जताततै एउटै प्रेस नोट भेटियो । यसले मलाई 'सङ्ख्याहरू विना सन्दर्भको अर्थ हुँदैन' भन्ने कुरा सम्झायो जुन मैले डारेलहफद्वारा लिखित 'तथ्याङ्कसँग कसरी झुट बोल्ने' पुस्तकमा पढेको थिएँ ।

यो अध्ययनले नेपालमा औद्योगिक भाङ खेती गर्दा प्रतिहेक्टर औसत तीन हजार एक सय ७७ अमेरिकी डलर लागत लाग्छ र शुद्धलाभ सात हजार दुई सय ७३ डलर हुनसक्ने देखाएको छ । तर यो आँकडा त्यस्ता जमिनका लागि मात्र निकालिएको हो जसको क्षेत्रफल एक हेक्टरभन्दा ठूलो छ । नेपालमा औसत कृषकको जमिन स्वामित्व आकार भने शून्य दशमलव चार हेक्टर (१२ कठ्ठा) मात्र छ जसलाई सन् २०२२/२३ को तथ्याङ्कले पनि पुष्टि गर्छ । कृषि गणना २०७८ अनुसार नेपालमा कुल २२ लाख १८ हजार चार सय १० हेक्टर जमिनमा कृषि गरिन्छ तर यो अध्ययनले १८ लाख हेक्टर जमिनलाई भाङ खेतीका लागि उपयुक्त देखाएको छ जुन अनुपातिक रूपमा हेर्दा एक करोड ५४ लाख हेक्टर कृषियोग्य जमिन रहेको जस्तो भ्रम सिर्जना गर्न सक्छ ।

**नेपालको वर्तमान अवस्था**

नेपालमा भाङ खेतीलाई परम्परागत बालीहरू जस्तै- धान र आलुको ठाउँमा विकल्पका रूपमा लिनुपर्छ भन्ने दाबी गरिएको छ । साथै भाङ खेतीबारे गम्भीर छलफल नभएको र यसको कानूनीकरण कहिल्यै उठाइएको छैन भन्ने धारणा पनि केही माध्यमबाट प्रस्तुत गरिएको देखिन्छ । डारेलहफको पुस्तकले सङ्ख्याहरूलाई गलत ढङ्गले प्रस्तुत गर्दा तिनीहरू भ्रम सिर्जना गर्न प्रयोग हुन सक्छन् भन्ने कुरालाई स्पष्ट पार्छ । नेपालमा औद्योगिक भाङ खेतीको सम्भावना निश्चय नै छ तर वास्तविकता बिर्सेर अतिरञ्जित दाबी गर्दै प्रचार गर्नु उपयुक्त हुँदैन । यो लेख कसैको खण्डन वा आलोचना गर्न लेखिएको होइन । म स्वयम् विगत तीन वर्षदेखि औद्योगिक भाङमा कृषि व्यवस्थापन अभ्यासहरूसम्बन्धी अनुसन्धान गरिरहेको छु, त्यसैले नेपालमा यसको वास्तविक परिदृश्य चित्रण गर्ने प्रयास मात्र हो । यथार्थ के हो भने, यहाँ केही स्वार्थ प्रेरित राजनीतिज्ञ छन्, केही इमानदार किसान र व्यवसायी पनि छन् । तर भाङ वास्तवमै के हो, किन अहिले चर्चामा छ अनि औद्योगिक भाङ खेतीको बहस किन चलिरहेको छ- यी सबै पक्ष गहिरो विश्लेषणको विषय हुन् ।

**भाङ र गाँजाको भिन्नता के ?**

औद्योगिक भाङ र गाँजा एउटै वनस्पति प्रजातिका सदस्य हुन् तर तिनीहरूको रासायनिक संरचनाका कारण महत्त्वपूर्ण भिन्नता छ जसले गर्दा तिनीहरूको प्रयोग पनि फरक रूपमा हुँदै आएको छ । यस वनस्पतिमा एक सयभन्दा धेरै रासायनिक यौगिकहरू पाइन्छन् जसलाई 'क्यानाबिनोइड' भनिन्छ । तिनीहरूमध्ये सबैभन्दा चर्चित दुई यौगिक हुन्–क्यानाबिडिओल (सीबीडी) र टेट्राहाइड्रो क्यानाबिनोल (टीएचसी) । टीएचसीको शून्य दशमलव तीन प्रतिशत सीमासम्बन्धी अवधारणा पहिलो पटक क्यानडेली वैज्ञानिकहरूले सन् १९७६ मा प्रस्ताव गरेका थिए जसका आधारमा यस सीमाभन्दा कम टीएचसी भएको भाङलाई नशालु प्रभावरहित मानिन्छ । पछि यही सङ्ख्या क्यानडाको भाङसम्बन्धी कानूनी परिभाषाको आधार बन्यो जसले अमेरिकाको सन् २०१८ को फार्मबिल तथा युरोपेली सैको कृषि मापदण्डलाई पनि प्रभाव पार्यो । अनुसन्धानहरूका अनुसार टीचसीको मात्रा कम्तीमा एकदेखि दुई प्रतिशत नपुगी मनोक्रियाशील प्रभाव उत्पन्न हुँदैन । तर गाँजामा टीएचसीको मात्रा निकै उच्च हुने भएकाले यसले नशालु प्रभाव पार्छ । जस्तै औषधिका रूपमा सीबीडीको सेवनले शरीरको एन्डोकानाबिनोइड प्रणालीसँग अन्तरक्रिया गरेर पीडा र मुडजस्ता कार्यहरूलाई नियन्त्रण गर्न मद्दत गर्छ । यसले शरीरका विभिन्न प्रणालीहरूमा सन्तुलन कायम राख्न सहयोग पुऱ्याउँछ जसले समग्र स्वास्थ्य र कल्याणलाई प्रवर्द्धन गर्न सक्छ । यही उपयोगिता देखेर विकसित राष्ट्रहरूले औद्योगिक भाङलाई वैधानिकता प्रदान गरी यसको प्रवर्द्धन गरेका छन् । औद्योगिक भाङको प्रयोग वस्त्र, कागज, निर्माण सामग्री, औषधि (जसमा सीबीडी धेरै पाइन्छ) र खाद्यपदार्थ उत्पादनमा व्यापक रूपमा गरिन्छ । यसका साथै भाङको खेती वातावरणमैत्री छ जसले माटोको उर्बरता बढाउँछ र कम पानीको आवश्यकता पर्छ । नेपालमा भने भाङ र गाँजालाई एउटै कानूनी श्रेणीमा राखिएकाले औद्योगिक भाङ खेती २०३३ सालदेखि अवैध छ । अलिकति फर्केर हेर्दा सन् १९६० र १९७० को दशकमा काठमाण्डौको झोछेँटोल जसलाई 'फ्रिकस्ट्रीट' भनेर चिनिन्थ्यो, हिप्पी संस्कृतिको केन्द्रविन्दु थियो । पश्चिमी देशबाट आएका हिप्पीहरू आत्मअन्वेषण, शान्ति र आध्यात्मिक ज्ञानको खोजीमा यो क्षेत्रमा भेला हुन्थे ।

नेपालको खुला वातावरण र सरकारी रूपमा सञ्चालित चरेस पसलहरूले यो ठाउँलाई हिप्पीहरूका लागि आकर्षक बनायो । तर विशेषगरी अमेरिकी सरकारको दबावका कारण नेपाल सरकारले चरेस र गाँजा बिक्रीमा प्रतिबन्ध लगायो । २०३३ सालमा लागूऔषध नियन्त्रणसम्बन्धी कानून बनाइयो र हिप्पीहरूलाई भारत निर्वासन गर्न थाल्यो । यसले गर्दा फ्रिकस्ट्रीटको हिप्पी संस्कृति क्रमशः समाप्त भयो । नेपालमा औद्योगिक भाङ खेती र यससँग सम्बन्धित नीतिहरूको चर्चा हालसालै बढ्दो छ । संसद् सदस्य र नीतिनिर्माताहरूले यस विषयमा विभिन्न धारणा र प्रस्तावहरू प्रस्तुत गरेका छन् । सैंीय संसदमा 'गाँजा खेतीलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक-२०७६ मा दर्ता भएको थियो तर अगाडि बढेन । विधेयकानुसार औषधि निर्माण, वैज्ञानिक अनुसन्धान, खाद्य, व्यावसायिक र औद्योगिक प्रयोजनका लागि गुणस्तरीय गाँजा उपलब्ध गराउन खेतीलाई खुला गर्ने उद्देश्य राखिएको थियो । नेपाल सरकारले राष्ट्रिय स्वास्थ्य अनुसन्धान प्रतिष्ठान र नीति अनुसन्धान प्रतिष्ठानले 'गाँजा खेतीलाई वैधानिकीकरण गर्ने : सम्भावना र चुनौतीहरू' शीर्षकको अनुसन्धान पत्र-२०७९ मा सार्वजनिक गरेको छ जसमा गाँजा खेतीको वैधीकरणका सम्भावित फाइदा र चुनौतीहरूको बारेमा चर्चा गरिएको छ । विशेषतः यसमा भनिएको छ, 'नेपालको गाँजासम्बन्धी मूल कानून - लागूऔषध नियन्त्रण ऐन-२०३३ अन्तर्राष्ट्रिय कानूनको यही आशयबाट अभिप्रेरित देखिन्छ । यसले गाँजाको सम्भाव्य दुर्व्यसनलाई अपराधीकरण गरेको छ तर औषधीय उत्पादन, अनुसन्धान र उपभोगमा बन्देज लगाएको छैन ।'

यसैबीच नेपालमा गाँजा खेतीलाई नियमन र व्यवस्थापन गर्न यसको वैधीकरणका सम्भावना, आर्थिक फाइदा र कानूनी संरचनाबारे बहस शुरू भएको छ । संसद्मा भाङ खेतीको बारेमा छलफल भए पनि औद्योगिक भाङ र गाँजाबीचको स्पष्ट भिन्नता छुटाइएको छैन । राजनीतिक तहमा भाङलाई गाँजासँग मिश्रित रूपमा हेरिन्छ जसका कारण कतिपय राजनीतिक दलहरू यस विषयलाई केवल लोकप्रियता प्राप्त गर्नका लागि प्रयोग गरिरहेका छन् । त्यसैगरी आलोचकहरूले गाँजा वैधीकरणले सामाजिक विकृति बढाउनेतर्फ चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार यदि उचित नियमन र नियन्त्रण नभएमा गाँजाको दुरुपयोग बढ्न सक्छ जसले स्वास्थ्य र सामाजिक समस्याहरू निम्त्याउन सक्छ ।

**खेती सम्भावना कस्तो छ ?**

नेपालमा औद्योगिक भाङ खेती सम्भावनायुक्त क्षेत्र हुन सक्छ तर यसले सहजै परम्परागत बालीको ठाउँ लिन सक्ने छैन । अझै पनि परम्परागत बालीहरूमा आत्मनिर्भरता हासिल गर्न चुनौती छ । औद्योगिक भाङलाई धान वा आलुको सट्टा लगाउनुपर्छ भन्ने होइन बरु कृषकहरूले आफ्नो जमिनको एक हिस्सा भाङ खेतीका लागि छुट्याएर विविधिकरण गर्न सक्छन् । यसले उनीहरूको आम्दानी बढाउन र जोखिम कम गर्न मद्दत पुऱ्याउँछ । तर यसका लागि सरकारले प्राविधिक सहयोग, बजार पहुँच र उचित नीति आवश्यक छ । समग्र रूपमा यसको विकासका लागि स्पष्ट नीति, प्रविधि हस्तान्तरण र सामाजिक सचेतनाको आवश्यकता छ जसले कृषकहरू र उद्योगपतिहरूलाई प्रोत्साहन दिनेछ र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ । औद्योगिक भाङ वैधीकरणको विषय मात्रै समस्याका रूपमा छैन किनभने खेती गर्दा टीएचसी स्तरलाई शून्य दशमलव तीन प्रतिशतभन्दा तल राख्नु उत्पादकहरूका लागि ठूलो चुनौती रहन्छ । मौसम, माटोको संरचना र वंशाणुगत जस्ता कारकहरूले टीएचसी स्तरलाई प्रभावित गर्न सक्छन् जसले गर्दा कहिलेकाहीँ यो सिमानाभन्दा माथि पुग्न सक्छ । नेपाल प्रहरीले आज यति क्षेत्रफलको गाँजा फडानी गरी नष्ट गरेको छ भने जस्तै शून्य दशमलव तीन प्रतिशत टीएचसी भन्दा बढी भएका बालीलाई अनुपालक मानिन्छ र नष्ट गर्नुपर्छ जसले किसानलाई ठूलो आर्थिक नोक्सान पुऱ्याउँछ । वैज्ञानिकहरु टीएचसी मात्रा कम भएका जातहरू विकास गर्ने प्रयासमा छन् तर यसले अन्य महत्त्वपूर्ण गुणहरू जस्तै- क्यानाबिनोइड वा कीट रोगप्रतिरोध क्षमतामा असर पार्न सक्छ । हालसम्म यो क्षेत्रमा ठूला उपलब्धि हासिल भइसकेको छैन ।

**रुकुम पूर्वको अध्ययन**

हाम्रो टोलीले २०८० सालमा रुकुम पूर्व भूमे गाउँपालिकामा एक अध्ययन सञ्चालन गर्यो । त्यहाँका किसानहरूले आफ्नो आम्दानीको मुख्य स्रोतका रूपमा औद्योगिक भाङबाट वस्त्र र खाद्यपदार्थ उत्पादन गर्छन् । उनीहरू रेशा/धागो र बीउ बेचेर नगद आर्जन गर्ने वा धानसँग साट्ने प्रचलन अपनाउँछन् जसले खाद्य अभावका बेलामा सम्पूर्ण परिवारलाई सहायता पुऱ्याउँछ । त्यहाँ गहुँ, कोदो, तोरी, आलु, र सिमीजस्ता प्रमुख खेतबालीहरू पनि प्रचलित छन् । यो खेती अत्यधिक श्रम-प्रधान प्रविधिमा निर्भर रहेको र बजार पहुँचको अभावका कारण रुकुम पूर्वको भूमेका किसानहरूले नकारात्मक शुद्धलाभ भोग्नु परिरहेको छ जबकि आपूर्ति शृङ्खलाका मध्य र अन्तिम चरणका सहभागीहरूले बढी मूल्य हिस्सा कब्जा गरिरहेका छन् । यस अध्ययनले उत्पादन र आपूर्ति शृङ्खलामा विभिन्न पक्षहरूको संलग्नताको सीमिततालाई विचार गर्दै औद्योगिक भाङ खेती र व्यवस्थापनको अधिकार पालिकाअन्तर्गत राखिनुपर्ने सुझाव दिन्छ ।

**सारमा**

अन्त्यमा हामीले खोजेको भनेको औद्योगिक भाङको वैधीकरण हो वा गाँजाको ? यो विषय स्पष्ट हुनु आवश्यक छ । साथै यो सैंीय तहमा मात्र नियमन गरिनुपर्ने हो कि पालिकालाई पनि विशेष अधिकार दिनुपर्छ भन्ने विषयमा व्यापक बहस हुन आवश्यक छ । मेरो बुझाइमा औद्योगिक भाङको वैधीकरण हुनु आवश्यक छ तर यसका लागि स्पष्ट नीतिगत संरचना र कान्वयन रणनीति आवश्यक छ । नेपालमा अन्य देशहरूमा जस्तै यसले आर्थिक लाभ र रोजगारी सिर्जना गर्ने सम्भावना भए पनि हाम्रो भौगोलिक, सांस्कृतिक र सामाजिक परिस्थितिहरूलाई ध्यानमा राखेर अगाडि बढ्न आवश्यक छ । यदि उचित योजना, अनुसन्धान र नीति निर्माण गरिएन भने हामीले औद्योगिक भाङ खेतीको वास्तविक सम्भावनालाई गुमाउने अवस्था छ ।

***(माटो वैज्ञानिक पाण्डे कृषि प्रणालीमा कार्बन र नाइट्रोजन चक्रसम्बन्धी विषयका विशेषज्ञ हुन्।) -हाम्राकुरा डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : रोजगारको अवसर मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।
**वृष** : मङ्गल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ ।
**मिथुन** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ।
**कर्कट** : आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । सफल यात्राको योग छ ।
**सिंह** : अचल सम्पत्ति हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**कन्या** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ काम वा रोजगार नपाइन सक्छ ।
**तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । मान प्रतिष्ठामा वृद्धि होला ।
**वृश्चिक** : कार्यक्षेत्रमा प्रगति हुनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ ।
**धनु** : समाजसेवामा मन लाग्नेछ । अरुको मन जित्न सकिनेछ ।
**मकर** : शुभकार्यको चर्चा चल्नेछ । आफन्तसँग भेटघाट रहनेछ ।
**कुम्भ** : मन अस्थिर रहन सक्छ । साँझमा शुभ समाचार सुन्नमा आउला ।
**मीन** : विद्या र बुद्धिको विकास हुनेछ। मङ्गल कार्यको योग छ ।




# साढे तीन लाख पुगे इ-सिम प्रयोगकर्ता




नेपालमा इ-सिम प्रयोग सुरू भएको तीन वर्ष पुग्नै लाग्दा यस्तो सिम लिनेको संख्या तीन लाख ५० हजार हाराहारी पुगेको छ ।

नेपालमा पहिलो पटक नेपाल टेलिकमले इ-सिमको सुरूवात गरेको थियो । नेपालमा २०७९ भदौ ताका यस्तो सिम प्रयोग सुरू भएको थियो । नेपाल टेलिकमका अनुसार हाल कम्पनी अन्तर्गत इ-सिम लिनेको संख्या २ लाख तीन सय पुगेका छन्। त्यस्तै, एनसेलका अनुसार कम्पनीको इ-सिम लिनेको संख्या एक लाख ५० हजार पुगेको छ ।

हाल दूरसञ्चार कम्पनीहरूले जारी गरेको सिम संख्या कुल जनसंख्या २ लाख ९० हजारभन्दा धेरै छ। त्यसैले अझै पनि धेरैले मोबाइलमा भौतिक सिम प्रयोग गरिरहेका छन् । ग्राहकहरूले चाहदा सम्बन्धित दूरसञ्चार कम्पनीको अनलाइन वा एपबाटै पनि आफूले चलाइरहेको सिमलाई इ-सिममा परिवर्तन गर्न सक्छन् । नेपाल टेलिकमको वेबसाइट एप मार्फत् गाहकले आफ्नो सिमलाई इ-सिममा परिवर्तन गर्न सक्छन् । टेलिकमका अनुसार ग्राहकसँग भएको मोबाइल सेटमा इ-सिम राख्न मिल्छ मिल्दैन पहिले हेर्नुपर्छ । यसको लागि ८३०६३ डायल गर्नुपर्छ । यसरी डायल गरेपछि त्यसमा ८९ बाट सुरू भएको ३२ अंकको कोड देखायो भने त्यो मोबाइलमा इ सिम प्रयोग गर्न सकिन्छ भनेर बुझ्न सकिन्छ । इ-सिममा परिर्वतन गर्नेको हालको सिम चलिरहेको सक्रिय अवस्थामा हुनुपर्छ । कम्तीमा ५० रूपैयाँ मौज्दात पनि भएको हुनुपर्छ। अनलाइन वा एपबाट इ सिममा परिवर्तन गरिँदा कम्पनीको रेकर्डमा ग्राहकको विवरण अपडेट गरिएको हुनुपर्छ । ग्राहकले आफ्नो नागरिकता आइडी र जारी जिल्ला प्रमाणीकरण गर्नुपर्छ । यसमा सहयोग चाहिने टेलिकमको कार्यालयसँग सहयोग माग्न सकिन्छ। फारममा नागरिकताको स्पष्ट फोटो अपलोड गर्नुपर्ने हुन्छ ।

यति गरेपछि कम्पनीबाट ग्राहकले क्युआर कोड प्राप्त गर्छ । यो कोड स्क्यान गरेपछि सेटिङमा भोल्टा एक्टिभ गर्नुपर्छ । ग्राहकले हालको सिमबाट भोल्टा एक्टिभ गर्न ८४४४८२३ डायल गर्नुपर्छ । डायल गरेपछि मोबाइलको सेटिङमा गएर भोल्टा अन गर्नुपर्छ । यति गरिसकेपछि मोबाइललाई रिस्टार्ट गर्नुपर्छ । इ-सिम एक्टिभ हुन केही समय लाग्न सक्छ । यसमा केही समस्या आए नेपाल टेलिकमको कार्यालयमा सम्पर्क गर्न सकिन्छ । 'धेरैले क्युआर कोड पाइसकेपछि त्यसलाई सुरक्षित गर्दैनन्,' नेपाल टलिकमका सहप्रवक्ता नवीन कुमार मिश्र भन्छन्, 'मोबाइलमा समस्या आउँदा वा कहिले काँही प्राविधिक समस्याले इ-सिम नचलेमा त्यही क्युआर कोड स्क्यान गरेपछि चल्न थाल्छ।' यस्ता, क्युआर कोडको फोटोकपी राख्ने वा आफ्नो इमेलमा सुरक्षित गरेर राख्न गर्न सकिने मिश्र बताउँछन्।

एनसेलमा भने ग्राहकले आफ्नो नागरिकता नम्बर, इमेल आइडी टाइप गरेर १७१२५ मा एसएमएस पठाएर पनि इ-सिममा परिवर्तन गर्न सक्छन्। यस्तो एसएमएस गर्दा पैसा लाग्दैन। त्यसपछि इ-सिमको प्रमाणीकरण हुन थाल्छ । यसबाहेक कम्पनीको वेबसाइट मा गएर पनि फारम भरेर इ-सिमको लागि अनुरोध गर्न सकिन्छ।

फारममा आफूले इ-सिममा रूपान्तरण गर्न चाहेको हो होइन, हालको सिम नम्बर, वैकल्पिक मोबाइल नम्बर, सिम लिदा प्रयोग भएको आधिकारिक कागजातको विवरण (नागरिकता नम्बर वा अन्य) इमेल जस्ता सामान्य जानकारी भरे पुग्छ। इ-सिममा परिवर्तन गर्न ग्राहकलाई एक सय रूपैयाँ शुल्क लाग्छ, त्यसैले कम्तीमा त्यति रूपैयाँ मौज्दात सिममा हुनुपर्छ। एनसेलले इ-सिम चल्ने केही मोबाइल सेटहरूको जानकारी समेत राखेको छ। आइफोनमा ११ देखि हालसम्मका सिरिज र एक्सएस सिरिजमा इ-सिम चल्छ । त्यस्तै, सामसङ र गुगलका नयाँ सिरिजहरूमा पनि चल्छ। त्यसबाहेक ग्राहकले ८३०६३ डायल गरेर पनि यस्तो जानकारी लिन सक्छन्।

*-सेतोपाटी डटकम*

# एक हजार ताराहरूआपसमा किन भागिरहेछन् ?



सामान्यतया जब हजारौँ ताराहरू ग्याँस क्लाउडबाट एकसाथ जन्मिन्छन्, तिनीहरू लाखौं वर्षसम्म समूहमा बाँधिएर बसेका हुन्छन् । तर अहिले वैज्ञानिकहरूले दुई करोड वर्ष पुरानो तारा समूह पत्ता लगाएका छन् तर यसका ताराहरू आआफ्नो बाटोमा लागिरहेका छन् ।

यो अभूतपूर्व घटनाले खगोलविद्हरु चकित भएका छन् । युरोपेली अन्तरिक्ष एजेन्सीको ग्याया मिसनबाट प्राप्त डाटाको आधारमा संयुक्त राज्य अमेरिकाको वेस्टर्न वाशिंगटन विश्वविद्यालयका खगोलशास्त्री डिलन हसन र उनको टोलीले यो अद्वितीय क्लस्टर पत्ता लगाएका हुन् । ओफिचस नक्षत्रको नामबाट यसलाई 'ओफियन' नाम दिइएको हो, यो क्लस्टर पृथ्वीबाट करिब ६५० प्रकाश वर्षको दूरीमा अवस्थित छ ।

ओफियनमा लगभग १ हजार युवा ताराहरू रहेका छन्, तर ग्याया डाटाले यो देखायो कि यी सबै ताराहरू यति छिटो गतिमा चलिरहेका छन् कि चाँडै यो सम्पूर्ण समूह टुट्ने अवस्थामा छ। जबकि सामान्यतया यस्ता तारा समूहहरू विघटन हुन करोडौं वर्ष लाग्छ। उदाहरणको लागी प्लेयाडीज क्लस्टर १०० मिलियन वर्ष पुरानो हो भने बीहाइव क्लस्टर लगभग ६०० मिलियन वर्ष पुरानो छ र दुबै अझै पनि अपेक्षाकृत एकताबद्ध नै रहेका छन् । गाया मिसनबाट प्राप्त डाटाले ओफियनका ताराहरूको गति २० किलोमिटर प्रति सेकेन्डमा फैलिरहेको देखिएको छ। यसको मतलब क्लस्टरमा सबैभन्दा छिटो र सुस्त ताराहरूको गतिमा २० किमी प्रति सेकेण्डको भिन्नता छ, जुन धेरै असामान्य र अस्थिर अवस्था हो । यस्तो तीव्र गतिको कारण ओफिअनका ताराहरू अब गुरुत्वाकर्षण बलद्वारा एकसाथ समातिने छैनन् र धेरै नै चाँडै अलग हुनेछन् ।

**अलग हुनुका कारण**

वैज्ञानिकहरूले यसको स्पष्ट जवाफ फेला पारेका छैनन्। तर गाया डाटाको नजिकबाट जाँच गर्दा उनीहरूले केही 'सुपर बबल' हरू फेला पारेका छन् ।

अर्थात् विशाल ग्याँस मुक्त क्षेत्रहरू जुन नजिकैको सुपरनोभा विस्फोटहरूद्वारा सिर्जना गरिएको हुन सक्छ। यो विश्वास गरिन्छ कि जब ताराहरू ओफियनमा जन्मिरहेका थिए, यी विस्फोटहरूले बाँकी ग्याँस उडाएको हुन सक्छ । यो ग्याँस निस्कने कारणले क्लस्टरको कुल द्रव्यमान घट्यो र यसको गुरुत्वाकर्षण बल कमजोर हुन पुग्यो । जसका कारण ताराहरू आ आफ्नो बाटोमा हिँड्न थाले । यसको अतिरिक्त अन्य नजिकैका तारा समूहहरूको गुरुत्वाकर्षण तानेकाले पनि ओफियनका ताराहरूलाई अलग्गिन थप वेग दिएको हुन सक्छ ।

खासमा, ओफियनको खोज परम्परागत विधिबाट सम्भव थिएन। डिलन हसन र मरीना कोन्केलको टोलीले नयाँ एआई आधारित मोडेल गिया नेट प्रयोग गरेको थियो । यसले एकैसाथ लाखौँ ताराहरूको स्पेक्ट्रा विश्लेषण गर्न सक्छ। यस समयमा ओफियन उनीहरूको डाटामा देखा पऱ्यो । अहिलेसम्म हाम्रो नजरबाट लुकेर बसेका यस्ता युवा तारा समूहहरु अरु पनि हुन सक्ने वैज्ञानिकहरुको विश्वास छ । पहिलेका विधिहरूले केवल क्लस्टरहरू फेला पारेका थिए, जसका ताराहरू एउटै दिशामा सरेका थिए । ओफियन जस्ता क्लस्टरहरू जसका ताराहरू अनियमित रूपमा अलग हुनका लागि विस्तार भइरहेको देखियो ।

*-हाम्राकुरा डटकम*

# एप्पलले आइफोन उत्पादन चीनबाट भारत सार्दै



अमेरिकी प्रविधि कम्पनी एप्पलले अमेरिकामा बिक्री हुने सबै आइफोनहरू अहिले चीनमा उत्पादन हुँदै आएकोमा अब भारतमा सार्ने योजना बनाएको छ । राष्ट्रपति ट्रम्पको चीनलाई आयात कर लगाउने नीति लिएका छन् । अमेरिका-चीन व्यापार युद्धका कारण एप्पलले चीनमा निर्भरता घटाउन खोज्दै गरेको द गार्जियन न्युजले जनाएको छ ।

अमेरिकाले पछिल्लोपटक प्रविधिका सामानमा लगाएको १२५ प्रतिशत आयातकर अस्थायी रूपमा हटाएको छ । तर, अझै २० प्रतिशत कर यथावत् भएका कारण चीनमा बनेका आइफोन अमेरिका आयात गर्दा २० प्रतिशतसम्म महँगो पर्ने पर्छ । हाल एप्पलले ९० प्रतिशत आइफोन चीनमा र बाँकी उत्पादन भारतमा गर्ने गरेको छ । यसैबीच, एप्पलले सन् २०२६ सम्ममा अमेरिकाका लागि ६० मिलियन आइफोन भारतमा बनाउने लक्ष्य राखेको छ । यसको अर्थ भारतमा आइफोन उत्पादन दोब्बर पार्नु हो । फक्सकन र टाटाले मार्च महिनामा नै दुई बिलियन मूल्यका आइफोन अमेरिका पठाइसकेका छन् । एप्पलले विशेष कार्गो उडान प्रयोग गरेर ६०० टन (१.५ मिलियन आइफोन) अमेरिका पठाएको थियो । भारतमा एप्पलको तीनवटा कारखाना छन् जसमा चेन्नईको ठूलो फक्सकन प्लान्टसमावेश छ । यो कारखानाले हाल पनि फोनहरू उत्पादन गरिरहेको छ ।

अमेरिकाले भारतमा बनाइने आइफोनको मात्रा बढाए पनि अन्य उत्पादन भने अझै चीनमै बनाउनेछ । एभरकोरको रिपोर्टअनुसार ५० प्रतिशत म्याक कम्प्युटरहरू र ८० प्रतिशत आइप्याडहरू चीनमा बन्छन् । एप्पल वाच भने धेरैजसो भियतनाममा बन्छ । ह्वाइट हाउसले एप्पललाई अमेरिकामा नै आइफोन बनाउन आग्रह गरेको छ । तर विज्ञहरूले उच्च लागतका कारण यो सम्भावना कम भएको बताएका छन् । एप्पलले हालै ५०० बिलियन लगानीको घोषणा गरेको छ, तर यसमा अमेरिकामा आइफोन उत्पादनको कुरा समावेश छ कि छैन भन्ने स्पष्ट छैन ।

*-बाह्रखरी डटकम*

# ह्वाट्सएपमा च्याटलाई गोप्य राख्ने नयाँ फिचर



मेसेजिङ प्लाटफर्म ह्वाट्सएपले एक नयाँ प्राइभेसी फिचरको घोषणा गरेको छ । उक्त नयाँ फिचरको नाम Advanced Chat Privacy हो । यो फिचरलाई यस्तो प्रकारले डिजाइन गरिएको छ कि यसले प्रयोगकर्ताहरुको सबैभन्दा सम्वेदनशील कुराकानीलाई सुरक्षित राख्नेछ । ह्वाट्सएपले यो फिचरलाई विश्वभरका प्रयोगकर्ताका लागि उपलब्ध गराएको छ । यस नयाँ फिचर अन्तरगत ह्वाट्सएपमा नयाँ सेटिंग्स विकल्प प्राप्त हुनेछ, जुन पर्सनल च्याट र ग्रुप च्याट दुबैका लागि हुनेछ । यस्तोमा प्रयोगकर्ताहरुलाई जब आफ्नो कुनै च्याट धेरै धेरै सम्वेदनशील छ भन्ने लाग्यो भने त्यसलाई Advanced Chat Privacy को मद्दतले उक्त च्याटलाई ह्वाट्सएपभन्दा बाहिर शेयर गर्नबाट रोक्न सक्दछन् । ह्वाट्सएपको यो पछिल्लो अपडेटसँगै प्रयोगकर्ताले यो प्राइभेसी फिचरलाई सक्रिय बनाएपछि ह्वाट्सएपमा कसैसँग गरेका च्याटहरु उक्त व्यक्तिले एक्सपोर्ट गर्न सक्ने छैन । साथै आफूले ह्वाट्सएपमा पठाएका फोटो तथा भिडियोहरु उक्त व्यक्तिको फोनमा अटो डाउनलोड हुनबाट पनि रोकिनेछ । योसँगै ह्वाट्सएप प्रयोगकर्ताले आफूसँग सम्वाद गर्ने व्यक्तिलाई च्याटमा रहेका सामाग्री वा कुराकानीहरु कहींपनि लिक हुनेछैनन् भनेर विश्वास दिलाउन समेत सक्नेछन् ।

**कसरी सक्रिय बनाउने यो फिचर ?**

ह्वाट्सएपको नयाँ प्राइभेसी फिचरलाई सक्रिय बनाउनका लागि सबैभन्दा पहिले ह्वाट्सएपको सेटिंगसमा गएर यसलाई अन गर्नुर्छ । त्यसका लागि च्याटको नाममा गएर Advanced Chat Privacy फिचरमा ट्याप गर्नुहोस् । स्मरण रहोस् यो उक्त फिचरको पहिलो संस्करण हो । आगामी दिनमा कम्पनीले यो फिचरलाई थप परिस्कृत बनाएर नयाँ नयाँ सुविधा पनि जोड्ने अपेक्षा गरिएको छ ।

उसो त ह्वाट्सएपमा प्राइभेसीसँग सम्बन्धित विभिन्न फिचरहरु उपलब्ध छन् । यसमा प्रयोगकर्ताले आफ्ना कुनैपनि पर्सनल च्याटलाई लक गर्न सक्दछन् । कुनैप्नि च्याटलाई लक गर्नका लागि च्याटकर्ताको नाममा क्लिक गर्नुहोस् । त्यसपछि नयाँ अप्सन देखिनेछ । त्यसको तलतर्फ स्क्रोल गर्नुहोस् र च्याट लक अप्सनमा ट्याप गर्नुहोस् ।

*-अनलाइनखबर डटकम*


## कालिगण्डकी कोरिडोर सडक योजना पाल्पाको सार्वजनिक सूचना

यस योजनाको कार्यक्षेत्र भित्र पर्ने विभिन्न स्थानमा सडक सिमा भित्र अनधिकृतरुपमा शाखा सडक खोल्ने, घर टहरा बनाउने, निर्माण सामाग्री राख्ने विज्ञापन, होडिङ्ग बोर्ड, सवारी साधन पार्किङ, टायर हाउस, ग्यारेज, वासिङ सेन्टर, अस्थायी तारवार, पशु-चौपाय छोड्ने, विभिन्न पसल राख्ने, कृषि उपज विस्कुन सुकाउने जस्ता कार्यहरू कानुनत: पूर्णरुपमा निषेधित गरिएको कार्य भएकोले सोकार्य नगर्नु नगराउनु हुन सम्पूर्णमा अनुरोध छ । अन्यथा सार्वजनिक सडक ऐन २०३१ बमोजिम जुनसुकै बेला कारवाहीका प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजना प्रमुख

**कालिगण्डकी कोरिडोर**

**(गैडाकोट-राम्दी-मालढुङ्गा)**

**सडक योजना, पाल्पा**



## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक

**डिभिजन वन कार्यालय**

**तानसेन, पाल्पा**

# गुल्मीदरबारमा पन्ध्र शैयाको अस्पताल सञ्चालनमा



**तम्घास, वैशाख २२**/जिल्लाको गुल्मीदरबार गाउँपालिकाले जिल्लामै पहिलो पटक पन्ध्र शैयाको अस्पताल सञ्चालनमा ल्याएको छ ।

सरकारले प्रत्येक स्थानीय तहमा १५ शैयाको अस्पताल सञ्चालनमा ल्याउने योजनाअनुसार सोमबारदेखि अस्पताल सञ्चालनमा ल्याइएको हो ।

कुल १२ करोड ९४ लाख ५६ हजार ९ सय १३ रुपैयाँको लागतमा अस्पताल अर्जुन बिल्डर्स तम्घास गुल्मीले निर्माण गरेको थियो । अस्पतालको लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले एक कार्यक्रमका बिच अस्पतालको उद्घाटन गरेका हुन् । अस्पतालको उद्घाटन गर्दै मन्त्री कार्कीले स्वास्थ्य जस्तो संवेदनशील विषयमा प्रदेश सरकार गम्भीर रहेको बताए ।

उनले सहज र सरल रूपमा नागरिकले सेवा पाउनुपर्नेमा अधिकारका विषयमा तीनै तहकार सरकारले काम गर्दै आएको उल्लेख गरे । केही महिना पहिले गाउँपालिकाले एमबिबी एस डाक्टरको व्यवस्था गरी अस्पताल सञ्चालनका गर्न लुम्बिनी प्रदेश सरकार समक्ष आवश्यक उपकरणसमेत माग गरेको थियो ।

लुम्बिनी प्रदेश सरकारबाट बेड, इसिजी मेसिन, अल्ट्रासाउन्ड मेसिन, अक्सिजन सिलिन्डर, कन्सन्टेटरलगायतका स्वास्थ्य उपकरण प्राप्त भएको स्वास्थ्य शाखा प्रमुख नारायण अर्यालले जानकारी दिए । अस्पताल सञ्चालनका लागि सम्पूर्ण कार्य सम्पन्न भएकाले फागुन १ गतेबाट नियमित सेवा प्रवाह गरेको थियो ।

अस्पतालबाट दैनिक रूपमा एमविवि एस डाक्टरद्वारा चेकजाँच तथा उपचार, सहुलियत दरमा प्रयोगशाला सेवा, २४ सै घण्टा नि:शुल्क प्रसुती सेवालगायतका सेवाहरू प्रवाह हुँदै आएको अर्यालले बताए । गाउँपालिकाको आन्तरिक व्यवस्थापनबाट आधारभुत अस्पताल सञ्चालनमा ल्याएको उनको भनाइ छ ।

# प्रतिपक्ष सांसदले जनाए...

...उनले भने "नीति तथा कार्यक्रमले न त विगतको समीक्षा गरेको छ, न वर्तमान सङ्कटसँग जुध्न सक्ने योजना बोकेको देखिन्छ । यसले जनता र राष्ट्रका गहिरा आवश्यकता सम्बोधन गर्न असमर्थ देखिएको छ ।" माओवादी नेता तथा सांसद वर्षमान पुनले सरकारले संसद्मा पेस गरेको नीति तथा कार्यक्रमको गन्तव्य हेर्दा अल्मलिएको र कतिपय अवस्थामा पछाडी फर्कन खोजेको जस्तो देखिएको बताए । कार्यक्रम पेस नगरेर बजेटमा चलखेल गर्न खोजेको उनको आरोप छ । सांसद रोशन कार्कीले अहिलेको सरकारको कार्यशैलीले गणतन्त्रलाई संस्थागत गर्ने नभई सिध्याउने बताइन् । रूग्ण र सम्पन्न हुन नसकेको आयोजना खारेज गर्ने कुरा नीति तथा कार्यक्रममा परेकोमा त्यस्ता आयोजनासँग जोडिएका सम्बन्धित पदाधिकारीलाई दण्डित गरिनुपर्ने पनि उनको सुझाव छ । सांसद सुदन किरातीले सरकारले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको बेला नीति तथा कार्यक्रममा समेत कुनै स्पष्ट योजना नआएको बताए । सरकारमा रहेका मन्त्रीहरूको सम्पत्ति सार्वजनिक हुन नसकेको विषय पनि उनले उठाए । अर्का सांसद जनार्दन शर्माले नीति तथा कार्यक्रमको बुँदा नम्बर 'क' देखि 'ट' सम्म हटाउनुपर्ने बताए । सामाजिक न्यायका लागि विभेद अन्त्य गर्ने, श्रमयोग्य जनशक्तिलाई तालिम तथा उद्यमशीलता प्रवर्द्धन पर्ने, प्राकृतिक स्रोतसाधनको प्रयोग बढाउने, प्रविधिमा आधारित अर्थतन्त्रलाई जोड दिनुपर्नेलगायत विषय नीति तथा कार्यक्रममा स्पष्ट ढङ्गले आउन नसकेको शर्माको भनाइ छ । सांसद अमरेशकुमार सिंहले नीति तथा कार्यक्रममार्फत शिक्षा र स्वास्थ्य क्षेत्रलाई तहसनहस पार्न खोजिएको आरोप लगाए । नक्कली भुटानी शरणार्थी प्रकरणमाथिको छानबिन, वाइडबडी घोटाला छानबिन माथि कहाँ पुग्यो भनेर उनले संसद्मा प्रश्न गरे । सांसद शक्तिबहादुर बस्नेतले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पश्चगमनमुखी, निराशामुखी र 'सेन्टर टु राइट' शैलीको रहेको बताए । नीति तथा कार्यक्रममाथि छलफल र प्रधानमन्त्रीबाट जवाफका लागि वैशाख २२, २३, २४, २५, २६ र २८ गतेका दिन तोकिएको छ ।

# छुट्टाछुट्टै घटनामा चार...

...टण्डनले चलाएको लु ४८ प ३११७ नम्बरको मोटरसाइकल फेला परेको प्रहरीले जनाएको छ । टण्डनको शव पोष्टमार्टमका लागि बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा लगिएको छ । यस्तै नवलपुरमा पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको छ । जिल्लाको गैंडाकोट नगरपालिका-३ केलादी, जुक्ति खोलामा पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-८ बस्ने १६ वर्षीय प्रमिशन पाठक र वडा नम्बर ४ धर्म चोक बस्ने १६ वर्षका शिशिर पन्त रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक मधु नेपालले जानकारी दिए । यस्तै रोल्पामा ट्याक्टर दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ । परिवर्तन गाँउपालिका ३ बागमारा बजार नजिकै ट्याक्टर दुर्घटना हुँदा घोराही उपमहानगरपालिका ४ कुइरेपानीका २७ वर्षका ट्याक्टरका चालक खिमबहादुर सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ । दुईखोलीबाट बालुवा लिएर परिवर्तन गाँउपालिका ४ भेरिखर्क तर्फ जाँदै गरेको लु. प. ०२०० त. ००८९ नम्बरको ट्याक्टर बागमारा बजार नजिकै दुर्घटना भएको हो । ट्याक्टरमा चालक मात्रै रहेका थिए । ट्याक्टर दुर्घटनाका बारेमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

## खेलकुद समाचार

# क्रिकेटर आलमको प्रतिबन्ध फुकुवा



**काठमाडौं, वैशाख २२**/क्रिकेटर आदिल आलमलाई लगाइएको प्रतिबन्ध फुकुवा भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले आलममाथि लगाइएको प्रतिबन्ध फुकुवा गरेको हो ।

२०७९ मंसिरमा त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सञ्चालन भएको नेपाल टी-२० क्रिकेट लिग प्रतियोगिताका क्रममा आलममाथि स्पट फिक्सिङको आरोप लागेको थियो । सो आरोपपछि उनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट खेल्न नपाउने गरी प्रतिबन्ध लगाइएको थियो । क्यानको इन्टेग्रिटी कमिटीले आवश्यक प्रक्रिया पुरा गरी प्रतिबन्ध फुकुवा गर्न सिफारिस गरेपछि क्यानले सो सिफारिसको आधारमा २०८२ वैशाख २१ गतेदेखि लागु हुने गरी आलमको प्रतिबन्ध फुकुवा गरेको हो । अब उनले पुन: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् ।

क्यानले सोमबार विज्ञप्ति जारी गरी आदिलले फुकुवा पाएको बताएको छ । अब उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउनेछन् । नेपाल टी-२० लिगमा जनकपुर रोयल्सबाट खेल्ने क्रममा फारवेष्ट युनाइटेडविरुद्ध बलिङ गर्ने क्रममा नो बल फालेको आशंकामा उनी पक्राउ परेका थिए । त्यतिबेला महबुब आलमलाई पनि फिक्सिङको आरोप लागेको थियो ।


## बिमालेख हराएको सूचना

यहि मिति २०८१/१२/०१ गतेका दिन **एशियन लाइफ इन्स्योरेन्स कं. लि.** को चिन्तामणी अर्यालको नाममा जारी सावाधिक जीवन बिमा योजनाको बिमा (पोलिसी) नम्बर ५४११००१३६१३ र सुखी जीवन बिमा योजनाको बिमा (पोलिसी) नम्बर ५४११००१३६१९ को बिमालेख बगनासकाली गाउँपालिकाको गुडुवाखोलादेखि तानसेनतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम** : चिन्तामणी अर्याल

**ठेगाना** : साविक खानीछाप गाविस-१, गुडुवाखोला, पाल्पा

**हाल** : बगनासकाली गा.पा.-४, गुडुवाखोला, पाल्पा

**सम्पर्क नं.** : ९७६४३२०९३८



मनको आवाज...........

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक सोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक र कारोबार रकम दुवै घटे



**पाल्पा, वैशाख २२**/ नेप्से परिसूचक र कारोबार रकम दुवै घटेका छन् । साताको दोस्रो कारोबार दिन सोमबार नेप्से परिसूचक ९ दशमलव ६२ अंकले घटेर २ हजार ६ सय १० दशमलव ७६ विन्दुमा अडिएको छ । सेन्सेटिभ इण्डरेक्स ०.२८ प्रतिशतले घटेर ४ सय ४० दशमलव २५ विन्दुमा आइपुगेको छ । नेप्से घट्दा कारोबार रकम पनि आइतबारको तुलनामा घटेको छ । यसदिन ३ सय १९ स्क्रिप्सको १ करोड ८४ लाख ३७ हजार ९ सय ४२ कित्ता सेयर ७ अर्ब ६३ करोड ४१ लाख ९३ हजार ६ सय ९३ रुपैयाँमा खरिदबिक्री भए । अघिल्लो दिन आइतबार ९ अर्ब माथिको सेयर कारोबार भएको थियो । यसदिन चार कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । अघिल्ला चार करोबार दिन लगातार घटेको नेप्सेले सोमबार पनि सोही प्रवृति पछ्याएको हो । लगातार नेप्से ओरालो लाग्दा लगानीकर्ता निरुत्साहित भएका छन् । सो दिन कारोबारमा आएकामध्ये ८६ कम्पनीको सेयर मूल्य बढ्यो भने १५९ वटाको घट्यो भने एउटा कम्पनीको स्थिर रहयो । नेपाल माइक्रो इन्स्योरेन्स, ओम मेघाश्री फरमाक्युटिल्स, सिटीजन्स सुपर ३० म्युचुअल र क्रेष्ट माइक्रो लाइफको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । मकर जितुमाया सूरी हाइड्रोपावरको सेय ९.३० प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा राधी विद्युत शीर्ष स्थानमा रह्यो । सो कम्पनीको ७६ करोड ५८ लाख मल्य बराबरको सेयर कारोबार भयो। नगदी ग्रुप पावरले ५५ करोडको सेयर कारोबार गर्दा सानिमा माइ हाइड्रोपावरको ४८ करोड,युनिभर्सल पावरको ४७ करोड र एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलमेन्टक ३७ करोड मूल्य बराबरको सेयर कारोबार भयो । तीन समूहको उपसूचक बढ्दा १० वटा समूहको उपसूचक नकारात्मक देखिएका छन् । माइक्रोफाइनान्स, म्युचुअल फण्ड र नन लाइफ इन्स्योरेन्सबाहेक अन्यको उपसूचक रातम्मे देखिएका हुन् । कारोबारमा आएकामध्ये ८६ स्टक्सको मूल्य बढ्दा १५९ वटाको घट्यो । १ स्टकको मूल्य भने स्थिर रह्यो ।


## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई